# अपि पावर कम्पनी लिमिटेडको
# २१औं वार्षिक साधारणसभा को निर्णय

मिती २०८१/०७/११ गते विहान ११ बजे देखि अपि पावर कम्पनी लिमिटेडको शेयरधनीहरुको २१औं वार्षिक साधारणसभामा संचालक समितीका अध्यक्ष श्रीमती सिर्जना खड्काको सभापतित्वमा होटल क्रिसटल पशुपति, काठमाडौंको सभाकक्षमा बसी देहायका विषयहरुमा छलफल गरी निम्नानुसार निर्णयहरु परित गरियो ।

## १) सभा भएको स्थान, मिति र समयः

मिति : २०८१ साल कार्तिक ११ गते आईतवार (Monday, 27th October, 2024)
स्थान : होटल क्रिसटल पशुपति, गौशाला, काठमाडौं ।
समय : बिहान ११:०० बजे देखि

## २) उपस्थिती :

क) सञ्चालकहरुको उपस्थितिः

| | |
|---|---|
| १. श्रीमती सिर्जना खड्का | अध्यक्ष |
| २. श्री संजिव न्यौपाने | कार्यकारी संचालक |
| ३. श्री द्वारिका प्रसाद न्यौपाने | संचालक |
| ४. श्री शाश्वत चालिसे | संचालक |
| ५. श्री मधुसुदन कोइराला | संचालक |
| ६. श्री सुजन अधिकारी | कम्पनी सचिव |

ख) आमन्त्रित उपस्थितिः

| | |
|---|---|
| १. श्री देवी प्रसाद सुवेदी | उप-रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. श्री शिशिर भट्टराई | लेखापरिक्षक |
| ३. श्री रामकृष्ण काफ्ले | वरिष्ठ अधिवक्ता, संयोजक, निर्वाचन समिति |
| ४. श्री पूर्ण प्रसाद चिमोरिया | अधिवक्ता |

ग) शेयरधनीहरुको उपस्थितिः

प्रतिनिधी मार्फत तथा स्वयंम उपस्थित कूल शेयर संख्याको उपस्थिति प्रतिशत - ५२.६३ %
(माथि उल्लेख भए अनुसारको उपस्थिति कम्पनी ऐन २०६३ को दफा ७३ (२) अनुसार गणपूरक संख्याका लागि पर्याप्त छ ।)

## ३) सभाको संचालन

अपि पावर कम्पनी लिमिटेडको यस २१औं वार्षिक साधारण सभा कम्पनीका संचालक श्री मधुसुदन कोइरालाले संचालन गर्नुभयो ।

४) **आशन ग्रहण :**

आजको यस २१औं वार्षिक साधारण सभामा कम्पनीका अध्यक्ष श्रीमती सिर्जना खड्काज्यूले सभापत्विको आशन ग्रहण गरी क्रमैसंग कार्यकारी संचालक, संचालक समितिका सदस्यहरु तथा अन्य आमन्त्रित तथा शेयरधनीहरुलाई आशन ग्रहण गरी सभा संचालन गरियो ।

५) **सभाको बैधानिकता :**

मिति २०८१ साल भाद्र ३० गते बसेको यस कम्पनीको संचालक समितिको आ.व. २०८०/०८१, बैठक संख्या ६ को निर्णयानुसार कम्पनीको २१औं वार्षिक साधारण सभा मिति २०८१ साल कार्तिक १ गते बिहिबार संचालन गर्ने निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ७६ (२) बमोजिम सभा हुने मिति, स्थान र छलफल विषयहरु समेत उल्लेख गरी मिति २०८१ साल भाद्र ३१ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा यस वार्षिक साधारण सभाको छलफलका विषयहरु संलग्न गरी यस सभाको संचालन सम्बन्धि जानकारी सहितको सूचना प्रकाशित गरी शयरधनी महानुभावहरुमा जानकारी गराइएकोमा मिति २०८१ साल आश्विन १५ गते यस कम्पनीको संचालक समितिको आ.व. २०८०/८१, बैठक संख्या १० को निर्णयानुसार स्थगित गरिएको जानकारी सहित २०८१ साल आश्विन १६ गतेको राष्ट्रिय दैनिक पत्रिका कारोबारमा प्रकाशित गरिएको र पछि मिति मिति २०८१ साल आश्विन १८ गते बसेको यस कम्पनीको संचालक समितिको आ.व. २०८०/०८१, बैठक संख्या ११ को निर्णयानुसार स्थगित २१औं वार्षिक साधारण सभा आज मिति २०८१ साल कार्तिक ११ गते आईतबार संचालन गर्ने निर्णय अनुसार मिति २०८१ साल आश्विन १९ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी यस २१औं वार्षिक साधारण सभाको छलफलका विषयहरु संलग्न गरी यस सभाको संचालन सम्बन्धि जानकारी सहित प्रकाशित गरी शयरधनी महानुभावहरुमा जानकारी गराइएको पाईयो । साथै दाश्रो पटक शयरधनी महानुभावहरुको स्मार्णथ मिति २०८१ साल कार्तिक ३ गते अन्नपूर्ण पोष्टमा राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको र शेयरधनी महानुभावहरुले सहज रुपमा आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्शान, नगद प्रवाह विवरणको पुस्तक यस सभाकक्षमा वितरण गरेको, Ecopy कम्पनीको Website www.apipower.com.np, कम्पनीको Facebook Page मा Link Upload तथा नेपाल स्टक एक्सचेन्जमा कम्पनीको Portal मा समेत कम्पनीले राखिएको पाईयो ।

कम्पनी ऐन २०६३ को दफा ७३ (२) बमोजिम साधारण सभा संचालन गर्नका लागि कुल शेयर सदस्य संख्याको स्वयम् वा प्रोक्सी मार्फत उपस्थित ५० प्रतिशत भन्दा बढीको उपस्थिति हुनुपर्नेमा आजको यस सभामा कुल शेयर सदस्य संख्याको ५२.६३ प्रतिशत शेयरधनीहरुको प्रतिनिधित्व हुनेगरी यस सभामा उपस्थित हुनुहुने शेयरधनीहरु रहनु भएको हुनाले सभामा गणपूरक संख्या पुरा भई यस सभालाई बैधानिक घोषित गरी यस कम्पनीको संचालक समिति अध्यक्ष श्रीमती सिर्जना खड्काको सभापतित्वमा सभा संचालन भयो ।

अपि पावर कम्पनी लिमिटेड API POWER COMPANY LIMITED 2003

६) **स्वागत मन्तव्यः**

अपि पावर कम्पनी लिमिटेडको २१औं वार्षिक साधारण सभामा कम्पनीका संचालक श्री द्वारिका प्रसाद न्यौपाने ज्यूले स्वागत मन्तव्य व्यक्त गर्नुभयो ।

७) **२१औं वार्षिक साधारण सभाका छलफका विषयहरुः**

कम्पनीका संचालक श्री मधुसुदन कोइराला ज्यूले आजको २१औं वार्षिक साधारण सभामा स्मार्णाथ छलफलका विषयहरु प्रस्तुत गर्नुभयो ।

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

२) लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

३) कम्पनीको आर्थिक बर्ष २०८०/०८१ को खुद मुनाफाबाट कर प्रयोजनको लागि ०.२६३२ प्रतिशत नगद लाभांस वितरण गर्ने सम्बन्धमा ।

४) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व २०८१/०८२ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (यस कम्पनीको बाह्य लेखापरिक्षक श्री शिशिर बि एण्ड एसोसियट्स आगामी आर्थिक वर्षको लागि पुनः लेखापरिक्षण गर्न योग्य हुनुहुन्छ ।)

**ख) विशेष प्रस्ताव**

१) कम्पनीको आर्थिक बर्ष २०८०/०८१ को खुद मुनाफाबाट ५ प्रतिशतका दरले बोनस शेयर वितरण गर्ने सम्बन्धमा । (कम्पनीको जगेडाकोष र शेयर प्रिमियममा रहेको चुक्तापूँजीको ९.५१३५ प्रतिशतबाट ५ प्रतिशतका दरले बोनस शेयर वितरण गर्ने र बाँकी रहेको ४.२५०३ प्रतिशतले हुने रकम कम्पनीको जगेडाकोष र शेयर प्रिमियममै कायम रहने)

२) कम्पनीले संचालन तथा विकास गरिरहेको आयोजनाहरुको लागि बैंक तथा वित्तिय संस्थाबाट लिने आवश्यक कर्जा कम्पनी ऐनको दफा १०५ (ख) अनुरुप तोकिएको सिमा भन्दा बढी रहेकोहुँदा कर्जा अनुमोदन गर्ने तथा आयोजनाहरु निर्माणको लागि थप आवश्यक कर्जा लिन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

३) कम्पनीको नियमनकारी निकाय विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकायहरुमा कम्पनी अद्यावधिक गर्दा तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन आवश्यक भएमा आवश्यक कार्य गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

४) अपि पावर कम्पनी लिमिटेडको सहायक कम्पनी श्री अपि इन्फ्रा लिमिटेड कम्पनीमा १०० प्रतिशत शेयर स्वामित्व रहने गरी लगानी गर्ने सम्बन्धमा ।

५) अपि पावर कम्पनी लिमिटेडले बहुमत शेयर स्वामित्व रहने गरी श्री लटिनाथ पावर कम्पनी लिमिटेड कम्पनीमा लगानी गरी न्वागाड साना जलविद्युत आयोजना (९.७ मे.वा.) निर्माण गर्ने सम्बन्धमा ।

६) अपि पावर कम्पनी लिमिटेडले श्री दार्चुला पावर कम्पनी लिमिटेड कम्पनीमा लगानी गरी मध्य चमेलिया जलविद्युत आयोजना (२८.३ मे.वा.) निर्माण गर्ने सम्बन्धमा ।

७) अपि पावर कम्पनी लिमिटेडको बहुमत शेयर स्वामित्व रहेको श्री सुर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड कम्पनीमा लगानी गरि माथिल्लो तादी खोला जलविद्युत आयोजना (११ मे.वा.) को निर्माण अन्तिम चरणमा भईरहेकोले उक्त लगानीलाई अनुमोदन गर्ने सम्बन्धमा ।

८) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम कम्पनीका शेरधनीहरुबाट १ महिला तथा १ स्वतन्त्र समेत गरि ५ जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

**८) आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन प्रस्तुत**

- अपि पावर कम्पनी लिमिटेडका अध्यक्ष श्रीमती सिर्जना खड्का ज्यूले अध्यक्षको मन्तव्य सहित कम्पनीको आ.व. २०८०/०८१ को २१औं वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

- तत् पश्चात कम्पनीका संचालक श्री शाश्वत चालिसे ज्यूले कम्पनीको आर्थिक वर्ष २०८०/०८१ को आय व्यय विवरण र वासलतको समिक्षात्मक प्रतिवेदन पेश गर्नुभयो ।

- त्यसपछी कम्पनीका कार्यकारी संचालक श्री संजिव न्यौपाने ज्यूले कम्पनीको हालसम्मका गतिविधिहरु तथा भावी कार्य योजना प्रस्तुतीकरण तथा कम्पनीको कार्यहरुको वृतचित्र प्रस्तुत गर्नुभयो ।

कार्यकारी संचालकको प्रस्तुती पश्चात् शेयरधनीहरुको विचार तथा सल्लाहहरु प्रस्तुत गर्न छलफल कार्यक्रम सुरु भयो ।

**९) साधारणसभामा उपस्थित शेयरधनीहरुबाट प्राप्त सुझाव तथा जिज्ञासाहरु :**

१) शेयरधनी श्री जगन्नाथ आर्चाय

- अपि स्पिङ्ग प्रा.लि. द्वारा उत्पादन गरिएको पानीको व्यवसाय शुरु गरेको स्वागत गर्दै शेयरधनीहरुको लागि यस सभामा दार्चुलाबाट ढुवानी गरी पानी उपलब्ध गराएको धन्यवाद व्यक्त गर्नुभयो ।
- कम्पनीको नेतृत्व महिला अध्यक्ष रहनुभएकोमा स्वागत व्यक्त गर्नुभयो ।
- वार्षिक साधारण सभा आगामी वर्षहरुमा पनि समयमै सम्पन्न गर्न अनुरोध गर्नुभयो ।
- बैंक कर्जाको ब्याजदर घटाउन पहल गर्ने कुरामा ध्यान दिन जोड दिनुभयो ।

- प्रशासनिक खर्च Control गर्नुपर्ने बताउनुभयो ।
- सुशासन कायम गर्ने तथा कर्मचारी हाम्रा भन्दा राम्रा छान्नुपर्ने कुरा उल्लेख गर्नुभयो ।
- कम्पनीले आफ्नो लगानी Diversify गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो ।
- आयोजनाहरुको मुनाफा लाई ध्यान दिई लाभांशलाई निरन्तरता दिन जोड दिनुभयो ।

२) शेयरधनी श्री उद्धव प्रसाद घिमिरे

- यस कम्पनीका आयोजनाहरु र यस कम्पनीबाट लगानी भएका आयोजनाहरुको विकास, निर्माण तथा संचालनमा ध्यान राखी कार्य गर्न सभा समक्ष संचालक समितिलाई सुझाव दिनुभयो ।
- पानीको उत्पादन गरी बिक्रि बितरण नेपालमा मात्र नभई विदेशमा समेत बिक्रि गर्न अध्ययन, अनुसन्धान गर्न जोड दिनुभयो ।
- हरित हाइड्रोजन ऊर्जाको कार्यमा लाग्नुभएकोमा कम्पनीलार्य धन्यवाद व्यक्त गर्नुभयो ।
- सूर्यकुण्ड हाइड्रोबाट निर्माणाधीन माथिल्लो तादी खोला जलविद्युत आयोजना, ११ मे.वा. को निर्माणको अवधि स्वागत योग्य रहेको बताउनुभयो ।
- झम्सीखेलमा निर्माण हुने आवसीय भवन स्वागत योग्य बताउनुभयो ।
- कम्पनीको वार्षिक प्रतिवेदन सहित लेखापरिक्षण प्रतिवेदनमा Transparency भएको पाईयो, तथा थप लेखापरिक्षण प्रतिवेदनमा Chart र Projection planning समेत राख्न अनुरोध गर्नुभयो ।
- कम्पनीले प्रदान गरेको ५ प्रतिशत बोनशको स्वागत गर्नुभयो । र आगामी आ.व. हरुमा कम्तिमा १० प्रतिशतको लाभांश कम्पनीले दिनुपर्नेमा जोड दिनुभयो ।
- कम्पनीले अन्तराष्ट्रिय स्तरमा विद्युत निर्यातको लागि नेपाल सरकार मार्फत पहल गर्न जोड दिनुभयो ।
- विद्युत नियमन आयोगले लाभांशको विषयमा गरेको निर्णयको थप चासो व्यक्त गर्नुभयो ।

३) शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठ

- कम्पनीले प्रदान गरेको ५ प्रतिशत बोनशको स्वागत गर्नुभयो । र आगामी आ.व. हरुमा कम्तिमा १० प्रतिशतको लाभांश कम्पनीले दिनुपर्नेमा जोड दिनुभयो ।
- विद्युत नियमन आयोगको लाभांश सम्बन्धमा टिप्पणी गरेको Unrealized Gain सम्बन्धि विषयमा जिज्ञासा व्यक्त गर्नुभयो ।
- संचालकहरुको तलब भत्ताको विषयमा चासो व्यक्त गर्दै जानकारी माग गर्नुभयो ।
- कम्पनीले उपभोग गरिरहेको कर्जाको विषयम जानकारी माग गर्नुभयो ।
- कम्पनीको भावी योजना तथा कार्यक्रममा रहेको हरित उर्जा निर्माण तथा त्यसबाट उत्पादन गरिने मल इत्यादि योजनाको प्रशंसा गर्दै यस कार्यमा अघि बढ्न भन्नुभयो ।
- कानूनी त्रुटि नगर्न कम्पनीले सदैव विचार गरी कार्य गर्नुपर्ने धारणा व्यक्त गर्दै सजग रहन आग्रह गर्नुभयो ।

एपि पावर कम्पनी लिमिटेड
API POWER COMPANY LIMITED
2003

४) शेयरधनी श्री उत्तम दत्त पाण्डे

- कम्पनीको यस २१औं वार्षिक साधारण सभाको सफलताको कामना गर्दै कम्पनीले प्रदान गरेको ५ प्रतिशत बोनश स्वागत गर्नुभयो ।
- अपि पावर कम्पनी लिमिटेडले धेरै आयोजनाहरु निर्माण गरेकोमा धन्यवाद व्यक्त गर्दै उत्कृष्ठ कम्पनीको रुपमा प्रस्तुत गर्न संचालक समिति तथा व्यवस्थापनलाई बताउनुभयो ।
- कम्पनीको नाफामा उल्लेखनिय वृद्धि भएकोमा खुशी व्यक्त गर्नुभयो ।
- अपि इन्फ्रामा लगानी स्वागत योग्य रहेको जानकारी दिनुभयो ।
- पानीको उत्पादन गरी बिक्रि बितरण नेपालमा मात्र नभई विदेशमा समेत बिक्रि गर्न अध्ययन, अनुसन्धान गर्न जोड दिनुभयो ।

५) शेयरधनी श्री जगदिश बहादुर पाल

- कम्पनीको संस्थापक अध्यक्ष, दार्चुलाबासीको हैसियतले यस २१औं वार्षिक साधारण सभाको सफलताको कामना गर्दै कम्पनीले प्रदान गरेको ५ प्रतिशत बोनश स्वागत गर्नुभयो ।
- आगामी आ.व. हरुमा लाभांशको प्रतिशत बढाउनुपर्नेमा जोड दिनुभयो ।
- स्थानीयको नाताले उहाँले परियोजना स्थलको भौतिक अवलोकन गरेको जानकारी सबै शेयरधनीहरु माझ व्यक्त गर्दै यस कम्पनीले प्रस्ताव गरेको २८.३ मेगावाट क्षमताको मध्ये चमेलिया र ९.७ मेगावाट क्षमताको न्वागाढ जलविद्युत आयोजनाहरुमा लगानी गर्ने स्वागत योग्य रहेको र सहजै उत्पादित विद्युत कम्पनीको १३२ के.भि. डबल सर्किट लाईन मार्फत राष्ट्रिय लाईनमा प्रवाह गर्न सकिने जानकारी दिनुभयो । कम्पनीले चयन गरेको यी आयोजनाहरुको लागि धन्यवाद व्यक्त गर्नुभयो ।
- आज चयन गरिने नयाँ संचालक समितिलाई शुभकामना व्यक्त गर्दै कार्यकाल सुखद रहोस भन्ने कामना गर्दै कानूनी त्रुटि नगर्न सदैव विचार गरी कार्य गर्नुपर्ने धारणा व्यक्त गर्दै सजग रहन आग्रह गर्नुभयो ।
- कम्पनीको आफ्नो कर्पोरेट बिलडिङ्ग बनाउन आग्रह गर्नुभयो ।
- आज प्रकाशित Quarterly Report मा देखिएको मुनाफाको तारिफ गर्नुभयो ।
- कम्पनीले अब ठुला जलाशय परियोजनाहरुको निर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।
- सल्लाहकार समिति बनाउने निर्णयको स्वागत ब्यक्त गर्नुभयो ।
- विद्युत नियमन आयोगको लाभांश सम्बन्धि निर्देशनको पालना गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो ।

६) शेयरधनी श्री विशेष सिंह अमात्य

- अपि पावर कम्पनी लिमिटेड यस विद्युत उत्पादन श्रेत्रमा Leading कम्पनीको रुपमा प्रस्तुत भएको जानकारी व्यक्त गर्नुभयो ।
- कम्पनीको लेखापरिक्षण प्रतिवेदनमा Disclosure of Subsidiaries मा Subsidiaries कम्पनीहरुको P/L यावात विषयहरुको Breakdown राख्न अनुरोध गर्नुभयो ।
- कम्पनीको वार्षिक प्रतिवेदन सहजै उपलब्ध हुन समय लागेको जानकारी व्यक्त गर्नुभयो ।

अपि पावर कम्पनी लिमिटेड
API POWER COMPANY LIMITED
APC
2003

- कम्पनीले लगानीका लागि चयन गरेको २८.३ मे.वा. को मध्ये चमेलिया र ९.७ मे.वा. को न्वागाढ आयोजनाको उत्पादित विद्युत सहजै राष्ट्रिय ग्रिडमा प्रवाह हुने नहुने विषयमा जिज्ञासा व्यक्त गर्नुभयो ।
- कम्पनीले संचालन गरिरहेको आयोजनाहरुको Contract Energy र Generated Energy को Differences सम्बन्धि विषयमा जिज्ञासा व्यक्त गर्नुभयो ।
- कम्पनीले लगानी गरेको माथिल्लो तादी खोलाको जलविद्युत आयोजनाको लाइसेन्स अवधिको विषयमा जानकारी माग गर्नुभयो ।
- कम्पनीले आयोजनाहरु निर्माण तथा व्यवस्थापनको लागि उपभोग गरिरहेको कर्जाको Premium Rate मा Negotiate गर्न तथा Fixed Interest Rate मा लक गर्न जोड गर्नुभयो ।
- कम्पनीले लगानी Diversify गर्दा विचार गरी अध्ययन अनुसन्धान गर्न अनुरोध गर्नुभयो ।
- देशको उर्जामा यस कम्पनीले पुर्‍याएको योगदानको कदर गर्दै धन्यवाद व्यक्त गर्नुभयो ।

७) शेयरधनी श्री कृष्ण प्रसाद अधिकारी
- कम्पनीको संचालकहरुको सम्बन्धका विषयमा पारदर्शीताको विषयमा जानकारी माग गर्नुभयो ।
- कम्पनीको १ प्रतिशत भन्दा माथिको शेयरधनीहरुको नामावली वार्षिक प्रतिवेदन पुस्तकमा प्रस्तुत गर्न अनुरोध गर्नुभयो ।
- विद्युत नियमन आयोगको कारणले लाभांशमा कम्पनीले लाभांश कम बाडेकोमा दुख व्यक्त गर्नुभयो ।
- कम्पनीले प्रति आर्थिक वर्ष कति आम्दानी गरियो सम्बन्धमा तालिका बनाई वार्षिक प्रतिवेदनमा प्रस्तुत गर्न अनुरोध गर्नुभयो ।
- कम्पनीको वार्षिक प्रतिवेदन सहजै उपलब्ध हुन समय लागेको जानकारी व्यक्त गर्नुभयो ।

८) शेयरधनी श्री धुव्र राज न्यौपाने
- साधारण सभामा शेयरधनी वक्ताहरुले सुझाव तथा जिज्ञासाहरु नदोहोरिने गरी दिनहुन सम्पूर्ण शेयरधनीहरु माझ अनुरोध गर्नुभयो ।
- कम्पनीको आयोजनाहरुले गरेको विद्युत उत्पादन तथा त्यस बापत प्राप्त आम्दानीको विषयमा जिज्ञासा व्यक्त गर्नुभयो ।
- सुदुर पश्चिमको दुरदराजमा यस कम्पनीले ८.५ मेगावाट क्षमताबाट आयोजनाहरु निर्माण गरी संचालन गरेकोमा अहिले ६२.५ मेगावाट क्षमता उत्पादन गर्ने कम्पनी भएकोमा धन्यवाद व्यक्त गर्नुभयो ।
- १०० मेगावाट भन्दा माथिको आयोजनाहरुको निर्माणका लागि कम्पनीसंग पर्याप्त स्रोत हुने र अनुभव पनि भएकोले अध्ययन गर्न अनुरोध गर्नुभयो ।
- हाम्रो कम्पनीले निभाउनुपर्ने सामाजिक उत्तरदायित्व तर्फका कार्यहरु प्रति जिज्ञासा व्यक्त गर्नुभयो ।
- कम्पनीको अन्तरिक सुशासन पक्ष बलियो भएको र दक्ष व्यवस्थापन रहेको भन्दै कम्पनीले समयमै आयोजनाहरुको निर्माण तथा संचालन गरेकोमा सबैलाई धन्यवाद व्यक्त गर्नुभयो ।

एपि पावर कम्पनी लिमिटेड 2003 API POWER COMPANY LIMITED

- हाम्रो देश विद्युत बिक्रिबाट सम्पन्न राष्ट्र बन्नेमा हामी हाम्रो कम्पनीले पनि यस प्रति योगदान गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो ।
- अपि इन्फ्रा लि.मा गरेको लगानीको स्वागत गर्नुभयो ।
- आयोजनाहरुको Contract Energy र Generated Energy को Differences सम्बन्धि विषयमा ने.वि.प्रा. ले Penalty लगाउने हुँदा सो सम्बन्धि विषयमा चासो व्यक्त गर्नुभयो ।
- आयोजना निर्माणको Per MegaWatt लागतको विषयमा चासो व्यक्त गर्नुभयो ।
- सौर्य आयोजना र हाइड्रो आयोजनाको लागत र सोबाट प्राप्त आम्दानी र प्रतिफको विषयमा चासो व्यक्त गर्नुभयो ।
- दार्चुला पावर लि.को २८.३ मेगावाट क्षमताको मध्य चमेलिया जलविद्युत आयोजनाको संस्थापक लगानी बारेमा चासो व्यक्त गर्नुभयो ।

९) शेयरधनी श्री बैजुनाथ रौनियार (लिखित मन्तव्य मार्फत)

- कम्पनीले प्रदान गरेको ५ प्रतिशत बोनश शेयरको स्वागत गर्नुभयो ।
- कम्पनीले माथिल्लो तादी खोला जलविद्युत आयोजना कम्पनीमा गरेको लगानीको स्वागत गर्दै राम्रो आयोजनाहरुको अध्ययन गरी लगानी गर्न हौसला प्रदान गर्नुभयो ।
- कम्पनीले वार्षिक साधारण सभामा प्रस्तुत गरेको Presentation तथा वृतचित्रले कम्पनीले गरिरहेको कार्यहरु स्पष्ट रुपमा शेयरधनीहरु माझ प्रस्तुत भएको र यसले यस कम्पनीमा लगानी गर्न थप हौसला मिलेको धारणा व्यक्त गर्नुभयो ।
- कम्पनीले संचालन गरिरहेको तथा निर्माणाधीन आयोजनाहरु दुरुस्त संचालन तथा समयमै निर्माण सम्पन्न गरी शेयरधनी महानुभावहरुलाई अझ उच्च प्रतिफल दिनुहोला भन्ने आशा व्यक्त गर्नुभयो ।
- कम्पनीले यस साधारण सभामा पेश गरिएको सम्पूर्ण एजेण्डाहरुमा समर्थन गर्दै कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

१०) शेयरधनी श्री ब्रम्हदेव शाक्य (लिखित मन्तव्य मार्फत)

- कम्पनीले प्रदान गरेको ५ प्रतिशत बोनश तथा कर प्रयोजनका लागि नगद लाभांशदिने प्रस्तावको स्वागत गर्नुभयो ।
- साथै आफूभन्दा अघि वक्ताहरुले उठाउनुभएको जिज्ञासा तथा सुझावहरुको ऐकेबद्दता व्यक्त गर्दै यस २१औं वार्षिक साधारण सभाको शुभकामना व्यक्त गर्नुभयो ।
- कम्पनीले विभिन्न विद्युतका आयोजनाहरु संचालन गरी विद्युत बिक्रि वापत आम्दनी गरेको र विद्युत बाहेक अन्य आयोजनाहरुमा पनि लगानी गरेकोमा उत्साहित रहेको जानकारी व्यक्त गर्नुभयो ।
- यस सभामा पेश गरिएको प्रस्तावहरुमा सर्मथन रहेको र कम्पनीको प्रगतिको लागि कामना व्यक्त गर्नुभयो ।
- अध्यक्ष ज्यूको मन्तव्यमा विद्युत उत्पादनको कार्यमा लाग्दा कुनैपनि दिन विछिप्त भएका छैनौ भन्ने वाक्यांशले सो कार्य दृष्य र अदृष्य रुपमा कत्तिको चुनौतिपूर्ण रहेको छ भन्ने उजागर गर्दछ भन्ने कुरा व्यक्त गर्नुभयो ।

अपि पावर कम्पनी लिमिटेड
2003
API POWER COMPANY LIMITED

- कम्पनीले सामाजिक उत्तरदायित्व तर्फ हाल बाढीका कारणबाट पिडितमा परेकाहरुलाई सक्दो सहयोग गर्न अनुरोध गर्दछु ।

११) शेयरधनी श्री सुदिप श्रेष्ठ (लिखित मन्तव्य मार्फत)

- दुई दशकभन्दा बढी समय व्यतित गरिसकेको यस कम्पनी एक परिपक्क विद्युत उत्पादन गर्ने कम्पनी रहेको र कम्पनीले प्रदान गरेको ५ प्रतिशत बोनशको स्वागत व्यक्त गर्नुभयो ।
- तिहार पर्वको शुभकामना व्यक्त गर्दै आगामी दिनमा डबल डिजिट लाभांश दिन कामना गर्नभयो ।
- अपि पावर कम्पनी लिमिटेडले आफ्नो Subsidiaries कम्पनीहरुको रुपमा अपि इन्फ्रा लि., लटीनाथ पावर, दार्चुला पावर मा गरिने लगानीको अग्रिम शुभकामना व्यक्त गर्दै समर्थन गर्नुभयो ।
- कम्पनीको जोखिम न्यूनीकरणको लागि जोखिम व्यवस्थापन समितिले चुस्त दुरुस्त कार्य सम्पादन गर्नका लागि अनुरोध गर्नुभयो ।
- कम्पनीको संचालक समितिले शेयरधनीहरुको हितका अवलम्बन गरिरहेको कार्यहरु भविष्यमा पनि जारी राखी, नयाँ निर्वाचित हुने संचालक समितिलाई शुभकामना व्यक्त गर्दै कम्पनीको प्रगतिको कामना व्यक्त गर्नुभयो ।

१२) शेयरधनी श्री नरसिंह लाल चाकु (लिखित मन्तव्य मार्फत)

- कम्पनीको वित्तिय विवरण अनुसार कम्पनी प्रगति तिर लम्की रहेको छ ।
- कम्पनीको यस २१औं वार्षिक साधारण सभाको सफलताको कामना गर्दै कम्पनीले प्रदान गरेको ५ प्रतिशत बोनश तथा कम्पनीले प्रस्तुत गरेको विभिन्न आयोजनाहरुमा गर्ने लगानीको स्वागत गर्नुभयो ।
- कम्पनीले आयोजनाहरुको Production र Operation का लागि कार्य गरिरहेको २१औं प्रतिवेदन मार्फत देखिएको कुरा व्यक्त गर्नुभयो ।
- Project Planning, Project Strategy, Objectives, Project Policy, Operation, Project Management तथा प्रगति गरिरहेको प्रतिवेदन मार्फत देखिएको उल्लेख गर्नुभयो ।
- Investment पोर्टफोलियो, लगानी योजना, लगानी व्यवस्थापनको राम्रो पक्ष रहेको र अझ कम्पनी मुनाफादायी हुने आशा रहेको जानकारी व्यक्त गर्नुभयो ।
- कम्पनीको Reserve and Surplus मा व्यापक वृद्धि र Retained Earning मा सुधार गरिएको उल्लेख गर्नुभयो ।
- अपि पावर कम्पनी लिमिटेडको न्ययमधर्षी मार्केटमा रहेको र राम्रो गर्न संचालक समितिलाई अनुरोध गर्नुभयो ।
- कम्पनीले सदबै सजग भई कम्पनी विरुद्ध दुषप्रचार गर्ने व्यक्तिहरुबाट भयभित नभई आफ्नो कार्यमा निरन्तर लाग्न कम्पनीको संचालक समिति तथा कम्पनी व्यवस्थापनलाई आग्रह गर्दै होसला प्रदान गर्नुभयो ।
- कम्पनीको व्यवस्थापन बलियो तथा सुदृढ रहेको र यस व्यवस्थापनले निर्माण तथा संचालन गरिरहेको आयोजनाहरुले राम्रो प्रतिफल अर्जन गरेको यद्दपी यस वर्ष वर्षा कम भएको र

अपि पावर कम्पनी लिमिटेड 2003 API POWER COMPANY LIMITED

हाइड्रोलोजि तथा डिस्चार्जमा कमी भई आयोजनाहरुले अझ बढि आम्दानी आर्जन गर्न नसकेकोमा दुख व्यक्त गर्नुभयो ।

१३) शेयरधनी श्री निरुपमा गुप्ता (लिखित मन्तव्य मार्फत)

- कम्पनीको यस २१औं वार्षिक साधारण सभाको सफलताको कामना गर्दै कम्पनीले प्रदान गरेको ५ प्रतिशत बोनश तथा कम्पनीले प्रस्तुत गरेको विभिन्न आयोजनाहरुमा गर्ने लगानीको स्वागत गर्नुभयो ।
- कम्पनीले प्रस्ताव गरेको समान्य तथा विशेष प्रस्ताव लाई मेरो समर्थन रहेको जानकारी गराउनुभयो ।
- आगामी वर्ष कम्पनीलाई प्रगति पथ तर्फ डोऱ्याउन यहाँहरुको रणनीति, योजना, अनि Investment Policy को बारेमा जिज्ञासा व्यक्त गर्नुभयो ।
- कम्पनीको प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्नुभयो ।

१४) शेयरधनी श्री हरिकला भण्डारी (लिखित मन्तव्य मार्फत)

- कम्पनीको यस २१औं वार्षिक साधारण सभाको सफलताको कामना व्यक्त गर्नुभयो ।
- प्रकाशित वार्षिक प्रतिवेदन मा व्यवस्थापनको विश्लेषण खासै नरहेकोमा आगामी आ.व.मा विश्लेषण सहितको प्रतिवेदन प्रस्तुत गर्न अनुरोध गर्नुभयो ।
- कम्पनीका हाल कायम रहेको परियोजनाहरुको RoR बाट अर्धजलाशयमा रुपान्तरण गर्न सकिने/नसकिने अध्ययन गर्न अनुरोध गर्दै सम्भावना भए अर्धजलाशयको PPA Rate र PPA अवधि पनि बढाउन सकिने अवस्थाको बारेमा जिज्ञासा व्यक्त गर्नुभयो ।
- कम्पनीले चमेलिया बेसिनमा परियोजनाहरु निर्माण गरिरहेकोले हाल भएका आयोजना भन्दा माथि जलाशय युक्त साना आयोजनाहरु निर्माण तथा अध्ययन गर्नुहुने सुझाव व्यक्त गर्नुभयो । यसले गर्दा अहिले निर्माण रहेका आयोजनाहरुलाई Climate Change को Impact न्यूनीकरण गर्न सहज हुने सुझाव व्यक्त गर्नुभयो ।

१०) **<u>शेयरधनीहरुबाट प्राप्त सुझाव तथा जिज्ञासाहरुको जवाफ :</u>**

शेयरधनीहरुले उठाएका जिज्ञासाहरुको जवाफ दिदैं कम्पनीका संचालक श्री संजिव न्यौपानेज्यूले शेयरधनीहरुको साधारण सभा मार्फत दिनु भएको अमूल्य र रचनात्मक सुझाव तथा सल्लाहहरु कम्पनीको विकासको लागि मार्गदर्शक हुनेहुँदा शेयरधनीहरुको सुझावहरुलाई गम्भिरतापूर्वक लिई अवलम्बन गर्दै जाने कुरा बताउनु भयो ।

कार्यकारी संचालक श्री संजिव न्यौपानेज्यूले उल्लेखित शेयरधनीहरुले सभामा प्रस्तुत गर्नुभएको प्रश्न र जिज्ञासाहरुको सामुहिक जवाफ दिदैं कम्पनीको भावी कार्यक्रममा मुनाफादायी जलविद्युत, सौर्य, हरित हाइड्रोजन ऊर्जा, वायु ऊर्जा परियोजनाहरुको सम्भाव्यता अध्ययनलाई प्राथमिकतामा राखी आयोजनाहरुको पहिचान गरी विकास गर्ने, मुनाफादायी व्यवसायहरुमा यस कम्पनीका सहायक कम्पनींहरु दर्ता गरी लगानी गर्ने, कम्पनीका संचालन तथा निर्माणाधीन आयोजनाहरुमा कम्पनीको स्वामित्वमा रहेको जग्गाहरुमा कृषिका कार्यक्रमहरु संचालन गर्ने, अन्तरदेशयी हाइभोल्टेज ट्रान्समिसन लाईन मार्फत विद्युत खरिद बिक्रि तथा इनर्जी एक्सचेन्ज सम्वन्धि कार्य गर्न नेपाल सरकारमा पहल

एपि पावर कम्पनी लिमिटेड 2003 API POWER COMPANY LIMITED

गर्ने तथा कम्पनीको संस्थागत सुशासनलाई सुदृढ गरी पारदर्शी हिसाब राख्ने, कम्पनीको सामाजिक उत्तरदायित्व निर्वाह गर्ने प्रतिबद्धता सहित सभामा शेयरधनीहरुलाई जानकारी गराउनुभयो ।

## ११) २१औं वार्षिक साधारण सभाबाट पारित निर्णयहरु

### क) सामान्य प्रस्ताव:

**निर्णय १.**

अपि पावर कम्पनी लिमिटेडको २१औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत भएको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २.**

यस कम्पनीको आर्थिक वर्ष २०८०/०८१ को आय व्यय विवरण, नाफा नोक्सान हिसाब तथा २०८१ साल भाद्र ०७ गतेको लेखापरिक्षक श्री शिशिर बि एण्ड एसोसियटस्ले तयार पार्नुभएको लेखापरीक्षण प्रतिवेदन यस सभा समक्ष पेश गरी छलफल हुँदा प्रतिवेदनमा उल्लेख भएका हिसाबहरुले कम्पनीको वास्तविकता झल्काएको पाईएको भनि सबै शेयरधनीहरुले एकेबद्दता जाहेर गर्नु भएकोले सर्वसम्मत निर्णयबाट पारित गरियो ।

**निर्णय नं. ३.**

अपि पावर कम्पनी लिमिटेडको आर्थिक वर्ष २०८०/०८१ को खुद मुनाफाबाट यस सभामा प्रस्तावित ५ प्रतिशत वोनश शेयर बाँडफाँड गर्दा कर प्रयोजनका लागि शेयरधनी महानुभावहरुलाई चुक्ता पूँजीको ०.२६३२ प्रतिशत नगद लाभांश यस सभाबाट सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४.**

अपि पावर कम्पनी लिमिटेडको आर्थिक वर्ष २०८०/०८१ को लागि लेखापरिक्षक नियुक्त गर्ने सम्बन्धमा छलफल गर्दा लेखापरिक्षक श्री शिशिर बि. एण्ड एसोसियट्सलाई पुनः नियुक्त गर्ने र निजको पारिश्रमिक कर बाहेक रु. ५,००,०००.०० (अक्षरुपी पाँच लाख मात्र) हुने निर्णय सभाबाट सर्वसम्मत पारित गरियो ।

### (ख) विषेश प्रस्ताव:

**निर्णय १.**

अपि पावर कम्पनीको आर्थिक वर्ष २०८०/८१ को खुद मुनाफाबाट चुक्ता पूँजीको शेयरधनीहरुलाई ५% (पाचँ प्रतिशत) बोनस शेयर जारी गर्ने निर्णय बमोजिम बोनस शेयर उपलब्ध गराउने र कम्पनीको पूँजीको संरचना परिवर्तन हुने भएकोले सो अनुकुल हुनेगरी कम्पनीको

अपि पावर कम्पनी लिमिटेड APC 2003 API POWER COMPANY LIMITED

प्रबन्धपत्र दफा ६ मा संशोधन गर्ने तथा सो सम्बन्धि कार्य गर्ने अख्तियारी संचालक समितिलाई दिने प्रस्ताव पारित गरियो ।

संशोधनको तीन महले यसै साथ संलग्न गरिएको छ ।

**बोनश शेयरबाट कम्पनीको पूँजी संरचनामा हुने परिवर्तन**

**तीन महले**

| **हाल भईरहेको व्यवस्था** | **संशोधन गर्नुपर्ने** | **संशोधन गर्नुपर्ने कारण** |
|---|---|---|
| दफा ६ : कम्पनीको पूँजीको संरचना<br><br>(क) कम्पनीको अधिकृत पूँजी रु. ६,००,००,००,०००/- (छ अर्ब मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका ६००००००० थान साधारण शेयरमा बिभाजन गरिएको छ । | दफा ६ : कम्पनीको पूँजीको संरचना<br><br>(क) कम्पनीको अधिकृत पूँजी रु. ७,००,००,००,०००/- (सात अर्ब मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका ७००००००० थान साधारण शेयरमा बिभाजन गरिएको छ । | कम्पनीले पहिचान गरेको विभिन्न आयोजनाहरुमा लगानी गर्न थप पूँजीको आवश्यक भएकोले । |
| (ख) कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजी रु. ५,७८,६५,९७,९१२/- (पाँच अर्ब अठत्तर करोड पैसट्ठी लाख सन्तानब्बे हजार नौ सय बाह्र मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका ५७८६५९७९.१२ थान साधारण शेयरमा बिभाजन गरिएको छ । | (ख) कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजी रु. ६,०७,५९,२७,८०८/- (छ अर्ब सात करोड उनन्साट्ठी लाख सत्ताईस हजार आठ सय आठ रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका ६,०७,५९,२७८.०८ थान साधारण शेयरमा बिभाजन गरिएको छ । | कम्पनीले पहिचान गरेको विभिन्न आयोजनाहरुमा लगानी गर्न थप पूँजीको आवश्यक भएकोले । |
| (ग) कम्पनीले तत्काल चुँक्ता गर्ने शेयर पूँजी रु. ५,७८,६५,९७,९१२/- (पाँच अर्ब अठत्तर करोड पैसट्ठी लाख सन्तानब्बे हजार नौ सय बाह्र मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका ५७८६५९७९.१२ थान साधारण शेयरमा बिभाजन गरिएको छ । | (ग) कम्पनीले तत्काल चुँक्ता गर्ने शेयर पूँजी रु. ६,०७,५९,२७,८०८/- (छ अर्ब सात करोड उनन्साट्ठी लाख सत्ताईस हजार आठ सय आठ रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका ६,०७,५९,२७८.०८ थान साधारण शेयरमा बिभाजन गरिएको छ । | कम्पनीले पहिचान गरेको विभिन्न आयोजनाहरुमा लगानी गर्न थप पूँजीको आवश्यक भएकोले ।<br><br>(बोनश शेयर लाभांश जारी) |

अपि पावर कम्पनी लिमिटेड अद्यावधिक गर्दा तथा यस कम्पनीको र यस कम्पनीबाट लगानी भएका आयोजनाहरु एवम् कम्पनीहरुको आयोजनामा लगानी, निर्माण तथा संचालन गर्दा नियामक नियमनकारी निकायहरुको निर्देशन बमोजिम केही थपघट गर्नुपर्ने भएमा अख्तियारी संचालक समितिलाई दिने प्रस्ताव समेत यस सभाबाट पारित गरियो ।

अपि पावर कम्पनी लिमिटेड
API POWER COMPANY LIMITED
2003

निर्णय २.

अपि पावर कम्पनी लिमिटेडले निर्माण गरी संचालन गरिरहेका आयोजनाहरु, यस कम्पनीबाट लगानी गरी निर्माण तथा संचालन गरिरहेका आयोजनाहरुका तथा यस कम्पनीबाट लगानी गरिएका कम्पनीहरुको परियोजनाहरुका लागि बैंक तथा वित्तीय संस्थाबाट लिईएको तथा लिईने आवश्यक कर्जा तथा यस कम्पनीले सम्बन्धित बैंक तथा वित्तिय संस्थालाई दिने जमानी कम्पनी ऐनको दफा १०५ (ख) अनुरुप कम्पनीको चुक्ता पूँजी तथा सञ्चित मुनाफाभन्दा बढी भएको हुँदा यस कम्पनी तथा यस कम्पनीका सहायक कम्पनीहरुबाट निर्माण तथा संचालन गरिरहेको तल उल्लेखित आयोजनाहरुको लागि बैंक तथा वित्तीय संस्थाहरुसंग उपभोग गरिरहेको कर्जा यस सभाबाट अनुमोदन गरी थप कर्जा कम्पनीलाई भावी आयोजनाहरु निर्माण तथा लगानी गर्नुपरेको खण्डमा संचालक समितिलाई अख्तियारी प्रदान गर्दै आजको यस साधारण सभाबाट निर्णय पारित गरियो ।

१. नौगड गाढ जलविद्युत आयोजना (८.५ मेगावाट) को संचालनका लागि ऋण प्रवाह भई यस कम्पनीले उपभोग गरिरहेको कर्जा यस सभाबाट अनुमोदन गरियो ।

२. अप्पर नौगड गाढ जलविद्युत आयोजना (८ मेगावाट) को संचालनका लागि ऋण प्रवाह भई यस कम्पनीले उपभोग गरिरहेको कर्जा यस सभाबाट अनुमोदन गरियो ।

३. माथिल्लो चमेलिया जलविद्युत आयोजना (४० मेगावाट) को लागि ऋण प्रवाह भई यस कम्पनीले उपभोग गरिरहेको कर्जा यस सभाबाट अनुमोदन गरियो ।

४. अपि पावर कम्पनी लिमिटेडको सहायक अपि इन्फ्रा लिमिटेड कम्पनीमा लगानी गर्नका लागि यस कम्पनीले उपभोग गरेको कर्जा रकम तथा अपि इन्फ्रा लिमिटेडले आवसीय भवन निर्माण गर्नका लागि उपभोग गरेको तथा गरिने कर्जा वापत प्रदान गरेको Corporate जमानत यस सभाबाट अनुमोदन गरियो ।

५. सूर्यकुण्ड हाईड्रो इलेक्ट्रिक लिमिटेडबाट नुवाकोट जिल्लामा निर्माणाधीन मध्ये चमेलिया जलविद्युत आयोजनाको निर्माण तथा संचालनका लागि उपभोग गरेको कर्जा रकम वापत यस अपि पावर कम्पनी लिमिटेडले प्रदान गरेको Corporate जमानत यस सभाबाट अनुमोदन गरियो ।

६. दार्चुला पावर प्रा. लिमिटेडबाट दार्चुला जिल्लामा विकास भईरहेको २८.३ मेगावाट क्षमताको मध्ये चमेलिया जलविद्युत आयोजनामा लगानी तथा निर्माणका लागि बैंक तथा वित्तिय संस्थाहरुसंग यस अपि पावर कम्पनी लिमिटेडले लिने कर्जा यस सभाबाट अनुमोदन गरियो । साथै यस आयोजना निर्माणका लागि सहायक कम्पनी दार्चुला पावर प्रा.लि.बाट लिने कर्जा

अपि पावर कम्पनी लिमिटेड
2003
API POWER COMPANY LIMITED

वापत यस अपि पावर कम्पनी लिमिटेडले प्रदान गर्ने Corporate जमानत समेत यस सभाबाट अनुमोदन गरियो ।

७. लट्टिनाथ पावर लिमिटेडबाट दार्चुला जिल्लामा विकास भईरहेको ९.७ मेगावाट क्षमताको न्वागाढ जलविद्युत आयोजनामा लगानी तथा निर्माणका लागि बैंक तथा वित्तिय संस्थाहरुसंग यस अपि पावर कम्पनी लिमिटेडले लिने कर्जा यस सभाबाट अनुमोदन गरियो । साथै यस आयोजना निर्माणका लागि सहायक कम्पनी लट्टिनाथ पावर लिमिटेडबाट लिने कर्जा वापत यस अपि पावर कम्पनी लिमिटेडले प्रदान गर्ने Corporate जमानत समेत यस सभाबाट अनुमोदन गरियो ।

**निर्णय ३.**

अपि पावर कम्पनी लिमिटेडको आर्थिक वर्ष २०८०/८१ को खुद मुनाफाबाट कम्पनीको हाल कायम रहेको चुक्ताँ पूँजीको ५% बोनश शेयर जारी गरे पश्चात् कम्पनीको पूँजीको संरचना परिवर्तन हुने भएकोले सो अनुकुल हुनेगरी कम्पनीको प्रबन्धपत्र दफा ६ मा संशोधन गर्ने तथा सो सम्बन्धि कार्य गर्ने अख्तियारी संचालक समितिलाई दिने प्रस्ताव पारित गरियो । अपि पावर कम्पनी लिमिटेड अद्यावधिक गर्दा तथा यस कम्पनीको र यस कम्पनीबाट लगानी भएका आयोजनाहरु एवम् कम्पनीहरुको आयोजनामा लगानी, निर्माण तथा संचालन गर्दा नियामक नियमनकारी निकायहरुको निर्देशन बमोजिम केही थपघट गर्नुपर्ने भएमा अख्तियारी संचालक समितिलाई दिने प्रस्ताव समेत यस सभाबाट पारित गरियो ।

**निर्णय ४.**

अपि पावर कम्पनी लिमिटेडले व्यवसाय विस्तार गर्ने योजना अनुरुप १०० प्रतिशत स्वामित्व रहनेगरी अपि इन्फ्रा लिमिटेड कम्पनी श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गराएको छ । यस कम्पनीबाट अपि पावर कम्पनी लिमिटेडको संचालक समितिबाट निर्णय भएबमोजिम झम्सीखेल, ल.म.न.पा., वडा नं.०३, ललितपूरमा जम्मा क्षेत्रफल ३-०-२-० (१५४१.८६ व.मी.) जग्गा खरिद गर्ने एक ९ तल्लाको मिश्रित आवासीय भवन निर्माण गर्ने र कुल ४३ वटा आवास ईकाई निर्माण गरी बिक्रि गर्ने प्रस्ताव यस सभा समक्ष अनुमोदनका लागि पेश गरिएकोमा यस आवास भवन निर्माण गर्नका लागि आवश्यक स्वीपूँजी रकम यस अपि पावर कम्पनी लिमिटेडबाट लगानी गर्ने र बाँकी बैंक कर्जा उपभोग गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सहित यस सभाबाट सर्वसम्मत पारित गरियो ।

**निर्णय ५.**

अपि पावर कम्पनी लिमिटेडले नयाँ मुनाफादायी आयोजनाहरुको प्रवर्द्धन तथा विकास गर्दै जाने क्रममा यस कम्पनीको संचालित आयोजना स्थल नजिक रहेको न्वागाढ नदीमा श्री लटिनाथ पावर लिमिटेडबाट सम्भाव्यता अध्ययन भईरहेको ९.७ मेगावाट क्षमताको न्वागाढ जलविद्युत

अपि पावर कम्पनी लिमिटेड 2003 API POWER COMPANY LIMITED

आयोजनाको बहुमत शेयरमा लगानी गर्ने निर्णय सहित यस सभा समक्ष निर्णयार्थ पेश गरेकोमा अपि पावर कम्पनी लिमिटेडले यस लटिनाथ पावर लिमिटेडको बहुमत शेयर खरिद गरी लगानी गर्ने र उक्त आयोजना निर्माण तथा संचालन गर्नका लागि बैंक तथा वित्तिय संस्थासंग आवश्यक कर्जाको जमानी बस्ने निर्णय समेत गरी यस सभाबाट सर्वसम्मत पारित गरियो ।

**निर्णय ६.**

अपि पावर कम्पनी लिमिटेडले मुनाफादायी जलविद्युत आयोजनाहरुको अध्ययन गर्ने क्रममा श्री दार्चुला पावर प्राईभेट लिमिटेडद्वारा दार्चुला जिल्ला, मार्मा गा.पा. भई वहने चमेलिया नदीमा विकास गरिरेहेको २८.३ मेगावाट क्षमताको मध्ये चमेलिया जलविद्युत आयोजनाको बहुमत शेयर खरिद गरी लगानी गर्ने निर्णय सहित यस सभा समक्ष अनुमोदनको लागि पेश गरेको अपि पावर कम्पनी लिमिटेडले यस दार्चुला पावर कम्पनी लिमिटेडको बहुमत शेयर खरिद गरी लगानी गर्ने र उक्त आयोजना निर्माण तथा संचालन गर्नका लागि बैंक तथा वित्तिय संस्थासंग आवश्यक कर्जाको जमानी बस्ने निर्णय समेत गरी यस सभाबाट सर्वसम्मत पारित गरियो ।

**निर्णय ७.**

अपि पावर कम्पनी लिमिटेडले २०औं वार्षिक साधारण सभाबाट पारित गरी प्रमुख लगानी गरेको सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेडले वागमती प्रदेश, नुवाकोट जिल्ला भई वहने तादी खोलामा ११ मेगावाट क्षमताको माथिल्लो तादी खोला जलविद्युत आयोजनाको निर्माण कार्य द्रुत गतिमा रहेको र अबको छ महिना भित्र निर्माण सम्पन्न भई संचालन गरिने जानकारी सभा समक्ष प्रस्तुत गरियो । यस कम्पनीमा अपि पावर कम्पनी लिमिटेडको रु.१००/- दरका ३२,९०,००० कित्ता संस्थापक शेयरमा लगानी गरेको जानकारी सहित यस सभाबाट उक्त लगानी अनुमोदन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**निर्णय ८.**

अपि पावर कम्पनी लिमिटेडको कम्पनी नियमावलीको दफा २७ को उपदफा ३ बमोजिम व्यवस्था भएबमोजिम जम्मा ५ जना संचालक समिति रहने व्यवस्था गरिएको छ। यसमा एक जना स्वतन्त्र र एक जना महिला संचालक समेत रहने व्यवस्था गरिएको छ । कम्पनीमा कार्यरत संचालक समितिका सदस्यहरुको चार वर्षे कार्यकाल पुरा भएको हुँदा कम्पनी ऐनमा भएको व्यवस्थानुसार शेयरधनीहरुबाट चयन गरी संचालक समितिको निर्वाचन गर्न पत्रिकामा प्रकाशित सूचना बमोजिम वरिष्ठ अधिवक्ता रामकृष्ण काफ्ले ज्यूको अध्यक्षतामा निर्वाचन समिति गठन गरी संचालकहरुको निर्वाचनको कारवाही गरिएकोमा तपशिल बमोजिम ४ जना संचालकहरु कम्पनीको नियमावलीको दफा २७ को उपदफा ३ बमोजिम ४ वर्ष कार्यकालका लागि निर्वाचित हुनुभएको घोषणा यस सभाबाट पारित गरियो । साथै अपि पावर कम्पनी लिमिटेडको संचालक समितिको स्वतन्त्र संचालकमा एक जना नियुक्त गर्ने व्यवस्था रहेको र संचालक समितिलाई पूर्णता प्रदान गर्न

अपि पावर कम्पनी लिमिटेड API POWER COMPANY LIMITED 2003

स्वतन्त्र संचालक पदमा नियुक्तिको लागि कम्पनीको निर्वाचित संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम | ठेगाना | पद |
|---|---|---|---|
| १. | श्रीमती सिर्जना खड्का | ललितपूर, ल.उ.म.पा. -१२ | संचालक समिति सदस्य (महिला) |
| २. | श्री संजिव न्यौपाने | काठमाडौं, का.म.न.पा.-३१ | संचालक समिति सदस्य |
| ३. | श्री द्वारिका प्रसाद न्यौपाने | अछाम, शान्तडा -०९ | संचालक समिति सदस्य |
| ४. | श्री मधुसुदन कोइराला | का.म.न.पा. -०६ | संचालक समिति सदस्य |

(ग) **विविध ।**

विविध तर्फ बिषयहरु नभएको

१२) **<u>सभा विसर्जन</u>** :

यस साधारण सभाको सूचनाका साथ पठाइएको सम्पूर्ण सामान्य तथा विषेश प्रस्तावहरु सभामा पेश भई विस्तृत छलफल भएको र सम्पूर्ण प्रस्तावहरु सभाबाट सर्वसम्मत रुपमा पारित भएको घोषणा गरियो । सभाको अन्त्यमा अध्यक्षज्यूले उत्साह एवमं उमंगका साथ धैर्यधारण गरी सक्रिय रुपमा छलफलमा सहभागी भई यस साधारण सभालाई सफलता पूर्वक सुसम्पन्न गर्न सहयोग गर्नु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दै सभा विसर्जन गर्नुभयो ।